# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोल फ्रि नं: १६६००११६१८५


मितिः २०८०।०२।२४

## चुरे संरक्षण तथा नदि व्यवस्थापनको लागि अपिल

मधेशी आयोगले कानुनी रुपमा परिभाषित कार्यहरुमा संस्कृति र सामाजिक क्षेत्रको संरक्षण संवर्द्धन र सशक्तिकरण सम्बन्धमा स्थापना कालदेखि नै अहोरात्र कार्य गर्दै आइरहेको छ । आयोगले आफ्नो वार्षिक प्रतिवेदन तथा मध्यकालीन समयमा समेत कार्यान्वयन तथा नियमनकारी निकायहरुसँग पत्राचार तथा सहकार्य गर्दै आएको छ । यसै क्रममा मिति २०८०/०२/२४ गतेका दिन आयोगले नागरिक समाजका साथै नियमनकारी र कार्यान्वयन गर्ने सरकारी निकायहरुसँग समस्या समाधानार्थ फलदायी विमर्श गरेको छ । यस बैठकले उद्योगहरुलाई प्रभावकारी रुपमा जिम्मेवार बनाउन उद्योग मन्त्रालयलाई पत्राचार गर्ने, स्थानीय तहलाई अझ जिम्मेवार बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकारहरुलाई कार्यान्वयनमुखी बनाउन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, वन क्षेत्रको वैज्ञानिक सिमांकन गर्नको लागि वन तथा वातावरण मन्त्रालय, सम्बन्धित ऐन कानुन कार्यान्वयन भए नभएको सम्बन्धमा गृह मन्त्रालयलाई पत्राचार गर्ने, वास्तविक सुकुम्बासी समस्या समाधान गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र भूमि आयोगलाई पत्राचार गर्ने तथा प्रदुषण नियन्त्रण बोर्ड गठन गर्नको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पत्राचार गर्ने र चुरेलाई पानी पुनःभरण (Water Recharge) तथा कटान, डुवान, भरान र पटानलाई व्यवस्थापन गर्न चुरे क्षेत्रको तल्लो भागबाट पूर्वपश्चिम नहर निर्माण गर्नु पर्ने अति आवश्यक देखिन्छ ।

विगत तीन सातादेखि आन्दोलनरत अभियन्ताहरुले उठाएको माग प्रति सरकार सचेत भई तत्काल वार्ताको माध्यमबाट समस्या समाधानको लागि आयोग अपिल गर्दछ ।

रुद्र प्रसाद लामिछाने
सचिव